**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मितिः २०८२।०४।१८ गते।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको।

विशेष अदातल, काठमाडौंमा दर्ता भएको मुद्दा नं. ०८१-CR-०१२६ मा वादी नेपाल सरकार प्रतिवादी रतन बहादुर जि.सी.समेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षीको रुपमा पेश गरिएका डम्मर बहादुर बुढाथोकीले प्रतिकूल हुने गरी बकपत्र गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा विशेष अदालत, काठमाडौंमा दर्ता भएको प्रतिवादी खरिदार रतन बहादुर जि.सी.समेतले घुस/रिसवत लिई भष्टाचार गरेको मुद्दा नं.०८१-CR-०१२६ मुद्दामा जिल्ला बाँके, कोहलपुर नगरपालिका बस्ने डम्मर बहादुर बुढाथोकीलाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले विशेष अदालत, काठमाडौंमा उपस्थित भई मिति २०८२/०३/२६ गतेका दिन बकपत्र गर्दा अनुसन्धान अधिकृत समक्ष गरेको वयान प्रतिकूल हुने गरी बकपत्र गरेको हुँदा निज डम्मर बहादुर बुढाथोकीले नियमानुसार जग्गाको मोठ भिडाउन सहजीकरण गरीदिनको लागि मिलेमतोमा प्रतिवादीहरु शान्ति पुन (बिचौलिया), खरिदारद्वय रतन बहादुर जि.सी., हरिचन्द्र पाण्डे तथा घनश्याम तिवारीलाई नगद रू.२०,०००।—घुस/रिसवत दिएको कार्य कसुर (Actus Reus) पुष्टि भएको र निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूर भएको हुँदा निज डम्मर बहादुर बुढाथोकीलाई रु.२०,०००।-(बीस हजार रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस/रिसवत जफत हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल